# सुर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
वागमती प्रदेश, नेपाल

पत्र संख्या : ०७६/०७७ (प्रशासन)
चलानी नं. : ३५००

मिति २०७७०३।२३

**विषय : सेवा प्रवाहको जानकारी वारे ।**

श्री वडा कार्यालय सवै
सूर्यविनायक नगरपालिका , भक्तपुर

प्रस्तुत विषयमा हालको वन्दावन्दी भएको अवस्थामा भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरबाट सेवा प्रवाह गर्ने सम्बन्धमा जारी सुचना यस कार्यालयमा प्राप्त हुन आएको हुदां उक्त सुचनाको फोटोकपी जानकारीको लागि यसैपत्र साथै राखी पठायएको व्यहोरा अनुरोध छ ।

सुरज पौडेल
सहायक निर्देशक

# भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुर।

सूचना। सूचना ।। सूचना ।।।

कोभिड-१९ को संक्रमणबाट मुलुक बन्दाबन्दी भएको अवस्थालाई शुन्य अवधि मान्ने गरी सम्मानित सर्वोच्च अदालतको वृहतर इजलासबाट मिति २०७७/०२/१५ मा फैसला समेत भएको हुनाले कार्यालयको उच्च भिडभाड सामाजिक दुरी र जन स्वास्थ्यलाई सुव्यवस्थित गर्ने प्रयोजनका लागि भूमिसुधार शाखा अन्तर्गतबाट अर्को सूचना प्रकाशित नभए सम्म मिति २०७७/०३/२१ देखि लागु हुने गरी देहायका सेवाहरु मात्र देहायको कार्य तालिका बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

## (क) मालपोत तर्फको कामको कार्य तालिका

| मिति | स्थानिय तह |
|---|---|
| → २०७७/०३/२१ आईतबार : | भक्तपुर नगरपालीका क्षेत्रको काम |
| → २०७७/०३/२२ सोमबार : | मध्यपुर थिमी नगरपालीका क्षेत्रको काम |
| → २०७७/०३/२३ मंगलबार | चाँगुनारायण नगरपालीका क्षेत्रको काम |
| → २०७७/०३/२४ बुधबार | सुर्यविनायक नगरपालीका क्षेत्रको काम |
| → २०७७/०३/२५ बिहिबार | सुर्यविनायक नगरपालीका क्षेत्र र चाँगुनारायण नगरपालीका क्षेत्रको दृष्टिबन्धक लिखत मात्र पास गरिने छ। |
| → २०७७/०३/२६ शुक्रबार | भक्तपुर नगरपालीका क्षेत्र र मध्यपुर थिमी नगरपालीका क्षेत्रको दृष्टिबन्धक लिखत मात्र पास गरिने छ। |

## (ख) भूमिसुधार शाखा तर्फको कामको कार्य तालिका

१. **सेवा प्रवाह हुने कार्यहरु :-**

- → ज.ध. र मोही बिच मेलमिलाप भई म्याद भित्र पर्न आएको मोही बाडफाड सम्बन्धि माग निवेदन उपर निर्णय तथा कित्ताकाट आदेश ।
- → मोही नामसारीका लागि अंग पुगेका निवेदन उपर निर्णय।
- → एकाघर परिवारको मोही लगत कट्टाका लागि प्रमाण पुगेका निवेदन उपर निर्णय।
- → बादी प्रतिवादी दुवै पक्ष मिलेर आउने मुद्दाको निर्णय तथा मिलापत्र।

२. **मिति २०७७/०३/२१ गते आईतबार देखि ऐ २०७७/०३/२६ गते शुक्रबार सम्मको कार्य तालिका :-**

| | |
|---|---|
| → मिति २०७७/०३/२१ गते आईतबार | भक्तपुर नगरपालिकाको र मध्यपुर थिमि.न.पा को काम |
| → मिति २०७७/०३/२२ गते सोमबार | चाँगुनारायण नगरपालिकाको काम |
| → मिति २०७७/०३/२३ गते मंगलबार | सूर्यबिनायक नगरपालिकाको काम |
| → मिति २०७७/०३/२४ गते बुधबार | भक्तपुर न.पा. र मध्यपुर थिमी न.पा.को काम |
| → मिति २०७७/०३/२५ गते विहिबार | चाँगुनारायण नगरपालिकाको काम |
| → मिति २०७७/०३/२६ गते शुक्रबार | सूर्यविनायक नगरपालिकाको काम |

नोट:-

१. तोकिएको दिन सार्वजनिक बिदा पर्न गएमा सो क्षेत्रको काम तोकिएको अर्को दिनमा मात्र हुनेछ।
२. मिति २०७७/०३/२८ गते देखिको कार्यतालिका मिति २०७७/०३/२६ मा प्रकाशित गरिने छ।

०७७/०३/१८

मालपोत अधिकृत